# तेह्रथुम पावर कम्पनी लिमिटेड
# Terhathum Power Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा., वडा नं. ९ राममन्दिर मार्ग बत्तीसपुतली, काठमाण्डौं
फोन : ०१–४२५३३८७, इमेलः terhathumpc@gmail.com, वेभसाइटः www.terhathumpower.com


**को**

## आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/२८**

तेह्रथुम पावर कम्पनी लिमिटेडको मिति २०८२/०५/२२ गते बसेको सञ्चालक समितिको ५८औं बैठकले निर्णय गरेबमोजिम यस कम्पनीको आठौं वार्षिक साधारणसभा तपसिलको मिति, समय र स्थानमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभाव तथा सरोकार वालाहरुको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । अतः सम्पूर्ण शेयरधनी तथा सरोकारवाला व्यक्तिहरुलाई साधारणसभामा उपस्थित भइदिन हुन सादर अनुरोध गदर्छौं ।

**साधारणसभा हुने मिति, समय र स्थानः**

मिति : २०८२ कार्तिक १७ गते सोमवार ।

स्थान : अनुपम फुडल्याड एण्ड व्याङ्केट, बतिसपुतली, काठमाण्डौं ।

समय : दिनको १२:३० बजे ।

**छलफलका लागि प्रस्तावित विषयहरुः**

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) लेखा परिक्षण प्रतिवेदन सहितको आषाढ ३२, २०८२ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत वित्तिय विवरणहरु छलफल गरि स्वीकृत गर्ने सम्बन्धमा ।
३) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/८३ का लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) उपरोक्त प्रस्तावहरु स्वीकृती एवम् अभिलेखको लागि पेश गर्दा नियमनकारी निकाय वा कार्यालयबाट कुनै पनि बिषयमा संशोधन, परिवर्तन तथा कुनै पनि किसिमको निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्ने लगायतका आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।
५) विविध

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. सभामा भाग लिन आउनुहुने महानुभावहरुले प्रवेश पत्र देखाएर मात्र सभाकक्षमा प्रवेश गर्न पाइनेछ । प्रवेश-पत्र कम्पनीको रजिष्टर्ड कार्यालय, बतिसपुतली, काठमाडौंमा सम्पर्क गरी प्राप्त गर्न सक्नु हुनेछ ।
२. साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८२/०७/१५ गते दिनको ४:०० बजे बजे भित्र ईमेल मार्फत वा लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति कम्पनीको बुक क्लोज हुनु अगाडीको शेयरधनी हुनु अनिवार्य छ ।
३) आठौं बार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२ कार्तिक १२ गते विहिवार शेयरधनी दर्ता किताब बन्द रहनेछ । उक्त मिति भन्दा अघिल्लो दिनसम्म श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई मिति २०८२ कार्तिक ११ गते भित्र यस कम्पनीका शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड नक्साल, काठमाण्डौमा दाखिल खारेजका लागि प्राप्त नामसारीबाट कायम रहेका शेयर धनीहरु मात्र साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन् ।
४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भागलिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयर वालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।
५) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिको अध्यक्षमा निहीत हुनेछ ।
६. साधारणसभा सम्बन्धी अन्य विस्तृत जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, हाल बतिसपुतलीमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**सञ्चालक समितिको आज्ञाले**
**दिपक बस्नेत**
**कम्पनी सचिव**

**मिति २०८२/०६/२८ गतेको नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने**

**Size: 75CC**